# प्रतिवेदन

## सिंचाई सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

प्राकृतिक श्रोत तथा पूर्वाधार विकास समिति

प्रदेश सभा

प्रदेश नं.१, विराटनगर

**(क) प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समितिः**

| क्र.सं. | माननीयहरूको नाम |
|---|---|
| १ | मा.श्री अम्बिर बाबु गुरुङ्ग |
| २ | मा. श्री उत्तम कुमार बस्नेत |
| ३ | मा. श्री उपेन्द्र प्रसाद घिमिरे |
| ४ | मा. श्री गोपालचन्द्र बुढाथोकी |
| ५ | मा. श्री नवोदिता कुमारी चौधरी |
| ६ | मा. श्री बिजय कुमार विश्वास |
| ७ | मा. श्री बिना देवी राई |
| ८ | मा. श्री बृख बहादुर प्रधान |
| ९ | मा. श्री मोहन कुमार खड्का |
| १० | मा. श्री लोक प्रसाद संग्रौला |
| ११ | मा. श्री सर्वध्वज साँवा लिम्बु |
| १२ | मा. श्री हिमाल कार्की |

**(ख) सिंचाई सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकमा संशोधनकर्ता माननीय सदस्यहरूः**

१. मा. श्री शिव नारायण गनगाई
२. मा. श्री खिनु लङवा लिम्वु
३. मा. श्री हिरा थापा
४. मा.श्री राम बहादुर मगर
५. मा. श्री काजी मान कागते
६. मा. श्री विमल कार्की
७. मा. श्री सरिता थापा

**ग) आमन्त्रीत सदस्यः**

संशोधन कर्ता, विज्ञ रेवती रमण भण्डारी, प्रदेश सभा सचिव डा. वासुदेव शर्मा पौडेल, भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव सागर कुमार राई, आन्तरीक मामिला तथा कानुन मन्त्रालयका उप-सचिव निधिराज न्यौपाने, भौतिक पूर्वाधार विकास मन्त्रालयका उप-सचिव अशोक कुमार साह, कानुन अधिकृत मन्जु खड्का, कानुन अधिकृत राम कृष्ण पाठक, राष्ट्रिय सिंचाइ जल उपभोक्ता महासंघका अध्यक्ष खंगलाल शाह

**बैठक सम्बन्धी**

१. सिंचाई सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश भइ मिति २०७५/५/२१ गतेको दोश्रो अधिवेशनको ३८औं बैठक बमोजिम प्राकृतिक श्रोत तथा पूर्वाधार विकास समितिमा पठाउने निर्णय सर्वसम्मत पारित भएको थियो ।

२. उक्त विधेयकमा समितिका माननीय सदस्यहरुले आफ्नो राय, सुझाब राख्दै छलफलमा मिति २०७५/६/४ र २०७५/६/५ मा छलफल भएको थियो। उक्त छलफलमा उठेका विषय तथा जिज्ञासामा स्पष्टता ग्रहण गर्न समितिको बैठकहरुमा आन्तरिक मामिला तथा कानुन मन्त्री मा. श्री हिक्मत कुमार कार्की, विज्ञको रूपमा प्रदेश कानून मस्यौदा सुझाब समितिका संयोजक, आन्तरिक मामिला तथा कानुन मन्त्रालयका प्रतिनिधि र अन्य आमन्त्रीत सदस्यहरू सहितको छलफल पश्चात मिति २०७५/६/५ गते समितिको बैठकको निर्णयको आधारमा यस समिति निम्न प्रस्ताव पेश गर्दछ ।

**प्रस्ताव**

| क्र.सं | दफा नं. | उपदफा नं. | भएको ब्यहोरा | प्रस्तावित ब्यहोरा | कैफियत |
|---|---|---|---|---|---|
| | ६ | २ | (२)उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा त्यस्तो निवेदन उपर जाँचबुझ गरी तोकिएको अधिकारीले एकसय बीस दिनभित्र अनुमति दिनु पर्नेछ । | • **...पचत्तर (७५)** दिनभित्र अनुमति दिनु पर्ने ।<br>• **<u>थप गर्ने</u>: तर सो अवधि भित्र अनुमति दिन नसक्ने अवस्था भए आधार र कारण खोली निर्णय गरी थप ४५ दिनको अवधि थपी अनुमति दिइनेछ ।** | |
| | ६ | ३ | (३) उपदफा (२) बमोजिम अनुमति दिन नसकिने भए सोको आधार र कारण खुलाई निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ । | • खुलाई निवेदकलाई पछि ' **<u>अनुमति दिन नसक्ने भनि निर्णय गरेको मितिले दश(१०) दिन भित्र</u>**' भनि थप्ने | |
| | ७ | २ | (२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा त्यस्तो निवेदन उपर जाँचबुझ गरी तोकिएको अधिकारीले तीन | • **...साठ्ठी(६०) दिन भित्र सर्वेक्षण अनुमति दिनु पर्नेछ**<br>• **<u>थप गर्ने</u>: तर सो अवधि** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | महिनाभित्र सर्वेक्षण अनुमति दिनु पर्नेछ । | **भित्र अनुमति दिन नसक्ने अवस्था भए आधार र कारण खोली निर्णय गरी थप ३० दिनको अवधि थपी अनुमति दिइनेछ ।** | |
| | ७ | ३ | (३) उपदफा (१) बमोजिको निवेदन उपर जाँचबुझ गर्दा सर्वेक्षण अनुमतिपत्र दिन मनासिव नदेखिएमा तोकिएको अधिकारीले अनुमतिपत्र दिन नसक्नाको अधार र कारण खुलाई निवेदन परेको मितिले एकसय दिनभित्र निवेदकलाई लिखित जानकारी दिनुपर्नेछ । | • निवेदन परेको मितिले एकसय दिनभित्र साटो **'अनुमति दिन नसक्ने निर्णय गरेको मितिले १० दिन भित्र'** भनी राख्ने | |
| | १३ | | यस ऐनमा अन्यथा व्यवस्था भएकोमा ...... र अन्य सिंचाई प्रणालीहरूको संचालन, व्यवस्थापन वा संरक्षणको जिम्मेवारी तोकिए बमोजिम हुनेछ। | • ...सिंचाई प्रणालीहरूको संचालन, व्यवस्थापन वा संरक्षण ...पछि **'र आयोजना क्षेत्रको अन्य प्रयोग सम्बन्धित व्यवस्था तोकिए बमोजिम हुनेछ** भनी थप गरी उल्लेख गर्ने । | |
| | १५ | २ | उपदफा (१) बमोजिम घोषित सिंचित क्षेत्रमा सम्भव भएसम्म बाह्रै महिना सिंचाइ सुविधाको व्यवस्थापन गरिनेछ । | • **थप गर्नेः यस सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।** | |
| | १९ | २ | २) उपदफा (१) बमोजिम गठित जल उपभोक्ता संस्थाले आफ्नो संस्थालाई सहकारी संस्थाको रुपमा रुपान्तरण गर्न चाहेमा त्यस्तो जल उपभोक्ता संस्थालाई प्रचलित कानून बमोजिम सहकारी संस्थाको रुपमा गठन गरी रुपान्तरण गर्न सकिनेछ । | • सहकारी संस्थाको रुपमा पछि ' **तोकिए बमोजिम** ' भनी उल्लेख गर्ने । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | २० | २ र ३ | २) उपदफा (१)बमोजिमसिंचाई सेवा शुल्क तोक्न देहायबमोजिमको अध्यक्ष र सदस्यहरु रहनेगरी एक सिंचाई सेवा शुल्क निर्धारण समिति गठन हुनेछः<br>(क) सम्बन्धित सिंचाई कार्यालयका प्रमुख -अध्यक्ष<br>(ख) सम्बन्धित स्थानीय तहले तोकेको कृषि अधिकृत वा अन्य कुनै अधिकृत-सदस्य<br>(ग) सम्बन्धित जलउपभोक्ता समितिको अध्यक्ष वा समितिले तोकेको प्रतिनिधि -सदस्य<br>(घ) सम्बन्धित प्रदेश जलउपभोक्ता संघको प्रतिनिधि-सदस्य<br>(ङ) मन्त्रालयले तोकेको २ जना प्रतिनिधि -सदस्य<br>(च) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि -विशेष आमन्त्रित सदस्य<br>(३) उपदफा (२) बमोजिम गठन भएको सिंचाई सेवा शुल्क निर्धारण समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ | • **<u>थप गर्नेः</u> (छ) सम्बन्धित स्थानिय तहको प्रमुख वा प्रतिनिधि — आमन्त्रीत सदस्य**<br><br>• कर्तव्य र अधिकार पछि <u>' एंव उपभोक्ताको दायित्व सम्बन्धि व्यवस्था '</u> भनी थप गर्ने । | |
| | २८ | १ | (ढ) अनुमति विना पम्पिङ्ग सेट वा त्यस्तो अन्य उपकरण प्रयोग गरी नहरको पानी तान्ने, | • **<u>थप गर्नेः</u> सामान्यतया निश्चित क्षमता सम्मको पञ्चसेटबाट सिंचाइ गर्न सकिनेछ तर त्यस सम्बन्धि प्रकृया तोकिए बमोजिम हुनेछ ।** | |
| | ३४ | १ | सिंचाई आयोजना वा बहुउद्देश्यीय आयोजनाको सर्वेक्षण वा सिंचाईको संचालन, | • **<u>थप गर्नेः</u> र कसैको स्वामित्वको जग्गामा सिंचाइ आयोजनाको लागि** | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | व्यवस्थापन, मर्मत सुधार वा पानीको उपयोगको सिलसिलामा कसैको घर जग्गामा प्रवेश गर्नु परेमा प्रदेश सरकारको अनुमतिप्राप्त कर्मचारीले सम्बन्धित घर/जग्गाधनीलाई पूर्व सूचना दिईवा सूचना टाँस गरी त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ । | **प्रवेश गर्नु पर्ने वा प्रयोग गर्नु पर्ने भएमा त्यसरी प्रवेश गरिएको वा प्रयोग गरिएको जग्गाको मनासिव माफिकको क्षतिपुर्ति सम्बन्धित आयोजनाले सम्बन्धित जग्गा धनीलाई उपलब्ध गराउनु पर्नेछ ।** | |
| | ३७ | | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको ...कुनै कर्मचारी वा अधिकार प्राप्त व्यक्तिले आफ्नो कर्तव्य पालानाको सिलसिलामा ...कारवाही गरिने छैन । | • कुनै कर्मचारी वा अधिकार प्राप्त व्यक्तिले भएको ठाँउमा 'अधिकारीले ' उल्लेख गर्ने<br>• **थप गर्नेः तर असल नियतले कुनै कार्य गरेको भन्ने विषयको आधार र कारण सम्बन्धित कर्मचारी वा अधिकारीले खुलाउनु पर्नेछ।** | |
| | ३८ | | **बाधा अड्चन फुकाउनेः** यस ऐनको कार्यान्वयनमा कुनै जटिलता उत्पन्न भई कार्य सम्पादनमा बाधा पर्न गएमा प्रदेश सरकारले त्यस्तो बाधा अड्चन फुकाउन सक्नेछ । | • **थप गर्नेः तर त्यस्तो बाधा अड्काउ फुकाउने निर्णयको जानकारी प्रदेश सभाको सम्बन्धित विषयगत समितिलाई जानकारी दिनु पर्नेछ ।** | |

**अन्त्यमा ,**

यसरी प्रदेश नं १ को प्राकृतिक श्रोत तथा पूर्वाधार विकास समितिले 'सिंचाई सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५' मा प्रतिवेदन प्रस्तुत गर्दै आफ्नो जिम्मेवारी सफलता पूर्वक सम्पन्न गरेको छ।

मा. श्री लोक प्रसाद संग्रौला
अध्यक्ष
प्राकृतिक श्रोत तथा पूर्वाधार विकास समिति